# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT)
# कोशी प्रदेश कार्यालय
ईटहरी,सुनसरी,नेपाल।

## डिप्लोमा/प्रमाणपत्र तहको बर्गिकृत (निःशुल्क) छात्रवृत्ती तर्फ भर्नाको लागि निवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८१/०८/२५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१/०८/२१ गते शैक्षिक सत्र २०८१/०८२ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत नयाँ सम्बन्धन स्वीकृति पाएका शिक्षण संस्थाहरुमा तपशिलको कार्यक्रम तथा सिट संख्यामा वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा प्रशिक्षार्थीहरु सिफारिस गर्नुपर्ने भएकोले परीक्षा नियन्त्रण कार्यालयद्धारा मिति २०८१/०३/१५ गते प्रकाशित सूचना बमोजिम मिति २०८१/०४/१२ गतेको प्रवेश परीक्षामा सहभागी भई **"डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१"** अनुसार यस कार्यालयबाट प्रकाशित नतिजा बमोजिम यस भन्दा अगाडी सिफारिस नभएका तथा सम्बन्धित कार्यक्रमको उत्तिर्ण प्रतिक्षा सुचीमा रहेका परीक्षार्थीहरुले मिति २०८१/०९/01 गते कार्यालय समय भित्र यस कार्यालयमा स्वयं उपस्थित भई निवेदन दर्ता गराउनुहुन वा कार्यालयको इमेल ठेगाना ctevt.koshi@gmail.com मा **(सम्पूर्ण कागजात एउटै PDF फाइलमा)** पठाउनुहुन अनुरोध छ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. प्रदेश कार्यालयले तयार पारेको निवेदन ।
२. प्रवेश परीक्षाको प्रवेश पत्रको प्रतिलिपि ।
३. प्रकाशित नतिजा सिट ।
४. जन्मदर्ता/नागरिकताको प्रतिलिपि ।
५. लक्षित वर्गको भए सो खुल्ने कागजात ।

**तपशिल :**

| क.स. | प्रमाण पत्र तहका कार्यक्रम | सिट संख्या |
|---|---|---|
| १. | नर्सिङ्ग | ९ |
| २. | फार्मेसी | ३३ |
| ३. | सामान्य चिकित्सा | १२ |

नोट : - उल्लेखीत कार्यक्रमहरुबाहेक अन्य कार्यक्रमहरुको हकमा सुचना पछी प्रकाशित गरीने छ ।
- शैक्षिक सत्र २०८१/०८२ मा भर्ना भई रजिष्ट्रेशन प्रक्रियामा भएका परीक्षार्थीहरुलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन ।
- इमेल मार्फत प्राप्त भएका निवेदन तथा कागजातहरु स्पष्ट बुझीने नभएमा तथा रितपूर्वक प्राप्त नभएमा उक्त निवेदन छनौट प्रक्रियामा समावेश गराइने छैन ।

Province Office
Koshi Province
Itahari, Sunsari

नि. निर्देशक